# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हुवास, पर्वत

☎: 067 – 411101, 067 – 411102
✉: paiyungapa@gmail.com
🌐: www.paiyunmun.gov.np

गण्डकी प्रदेश, नेपाल


पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

## किसान सूचीकरणको कार्यक्रमको सहजकर्ताको लागि आवेदन दिने सम्बन्धि सूचना !

*(प्रथम पटक प्रकाशित मितिः २०७९/०५/३०)*

प्रस्तुत विषयमा पैयूँ गाउँपालिकाको संघीय शसर्त कार्यक्रम तर्फको किसान सुचीकरण कार्यक्रम संचालानार्थ **"किसान सुचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७"** अनुसार सरकारी निकायबाट हुने अनुदानका सेवा सुविधा पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तिनैतहको साझेदारीमा किसानहरुको आवश्यक विवरण विधुतीय प्रणाली मार्फत संकलन गरि किसान सुचीकरण गर्ने कार्यक्रम रहेको व्यहोरा जानकारी गराइन्छ। तसर्थ उक्त कार्यक्रम संचालनका लागि सहजकर्ता नियुक्ति गर्नुपर्ने भएकोले **"किसान सुचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७"** बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्ने हुदाँ तपसिलमा उल्लेखित योग्यता पुगेका व्यक्तिहरुले यो सूचना प्रकाशन भएको मितिले **पन्ध्र (१५) दिन भित्र** पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वतमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिलः</u>

| क्र.सं. | पद | माग संख्या | कैफियत |
|---|---|---|---|
| १. | सहजकर्ता | ७ जना | |

**१) आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम १२ कक्षा उत्तीर्ण भएको,

ख) ईमेल/इन्टरनेट सम्बन्धि ज्ञान भएको,

ग) एन्ड्रोइड वा स्मार्ट फोन वा ट्याबलेट वा ल्यापटप भएको,

घ) आवेदन दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको,

**२) आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपी।

क) नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपी,

ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र प्रतिलिपी,

ग) Basic computer course गरेको प्रमाणपत्र,

घ) २ प्रति पासपोर्ट साइजको फोटो,

**३) आवेदन दिने अन्तिम मितिः** २०७९/०६/१३ गते सम्म कार्यालय समय भित्र।

**४) कार्य गर्नुपर्ने स्थानः** पैयूँ गाउँपालिका क्षेत्र भित्र।

**५) आवेदन फारमः** पैयूँ गाउँपालिकाको कार्यालय वा वेभसाइट 🌐: www.paiyunmun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**६) परिक्षा किसिमः** छोटो सूचि र अन्तरवार्ता।

**७) सेवा सुविधाः** "किसान सुचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७" ले तोकेको सुविधा बमोजिम उपलब्ध हुनेछ।

**८) आवेदन दस्तुरः** रु.५००।-

(केशव लामिछाने)
**प्रमुख प्रशासकीय अधिकृत**